# रास्कोट नगरपालिका

# स्थानीय राजपत्र


## रास्कोट नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७, संख्या १५, रास्कोट राजपत्र** मिति :२०८०।०३।०१


## भाग -२

## रास्कोट नगरपालिकाको

## बालकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०८०

**प्रस्तावना**

बालबालिका समाज र राष्ट्रका भविष्य हुन् र भविष्य राम्रो देख्नको लागि बर्तमान महत्वपूर्ण छ । नेपालको संविधान २०७२ तथा बालअधिकार ऐन २०७५ ले निर्दिष्ट गरेको बालअधिकारलाई सुनिश्चित गर्न, अपाङ्गता भएका, अविभावक विहिन बालबालिका , बालश्रममा परेका बालबालिका तथा अति गरिबीको कारण जोखिममा रहेका बालबालिकाहरुलाई आपतकालिन सहयोग उपलब्ध गराई उनीहरुको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण जस्ता आधारभूत आवश्यकता परिपूर्तिको बातावरण बनाउन, नगरपालिका र वडा स्तरमा बालकोषको स्थापना गर्न बाञ्छनीय भएकोले **रास्कोट नगरपालिकाले** बालकोष स्थापना तथा सञ्चालन निर्देशिका २०८० जारी गरेको छ ।

यो निर्देशिका **रास्कोट नगरपालिका** कालिकोटको हकमा मात्र लागु हुनेछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१)यस निर्देशिकाको नाम ‘‘बालकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०८०” रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यापालिकाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) **“कोष”**भन्नाले दफा ४ बमोजिमको स्थापना भएको नगर बालकोष र वडा बाल कोष सम्झनु पर्छ ।

(ख) ‘‘जोखिम अवस्थामा रहेका बालबालिका” भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छ :-

(१)जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(३) ऋृणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक, मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,

(५) दूर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागारमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले बेवारिस (फरार) भएको,

(७) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(८) बाबु आमा वा संरक्षकबाट बञ्चित भएको,

(९) अपाङ्गता भएको,

(१०) अपहरण वा शरीर बन्धकमा परेको,

(११) एच.आई.भी. एड्स संक्रमित भएको,

(१२) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण विहिन अवस्थामा फेला परेको,

(१३) अति बिपन्न(नगरपालिकाले बर्गिकरण गरेको आधारमा अति बिपन्न मानिनेछ।)

१४) बालविबाह बदर भएका बालबालिकाहरुलाई संरक्षण गर्ने।

**३. बालकोषको उद्देश्यः**

(क) जोखिम अवस्थामा रहेका बालबालिकालाई तत्काल सहयोग तथा उद्धार गर्ने ।

(ख) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार उपलब्ध गराउने,

(ग) जोखिम अवस्थामा रहेका बालबालिकाको बालअधिकार संरक्षण र सम्बर्द्धनको लागि सहयोग गर्ने ।

**४.कोषको स्थापना**:

(१) जोखिममा रहेका बालबालिकालाई तत्काल सहयोग, उद्धार, स्वास्थ्य उपचार र पुनर्स्थापना सहितको सहयोगका लागि नगरपालिका बाल अधिकार समिति र वडा स्तरमा बाल अधिकार संरक्षण समितिमा एक "**बालकोष**" रहने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नगरपालिकाबाट बालकोष स्थापनाको लागि प्राप्त रकम,

(ख) संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) नगर बाल अधिकार समितिले अन्य श्रोत पहिचान र परिचालन गरी प्राप्त रकम ।

**५. कोषमा रकम जम्मा गर्न सक्ने** :

बालबालिकाको क्षेत्रमा नगरपालिका भित्र कार्यरत रहि नगरपालिका संग सहकार्य गर्न चाहने गैर सरकारी संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्ने छन् ।

**६. कोषको उपयोग** :

कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) जोखिम अवस्थामा रहेका बालबालिकालाई, स्वास्थ्य उपचार गर्न तथा

पुनर्स्थापना गर्न,

(ग) बालबालिकाको निरन्तर शिक्षाको लागि

**७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** :

(१) कोषको रकम दफा ६ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

**८. खाताको सञ्चालन :**

(१) कोषको रकम समितिको निर्णयले नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा आवश्यकता अनुसार बचत र चल्ती दुबै प्रकारको खाता खोलि जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) यस नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख र स्थानीय वालअधिकार समितीको सदस्य सचिबको संयुक्त दस्तखतमा बैंक खाता सञ्चालन हुने छ ।

**(३) नगरपालिकामा नगर स्तरीय बाल कोष संचालनका समितिको गठन देहाय बमोजिमको हुनेछ ।**

क.उप प्रमुख – संयोजक

ख.प्रमुख प्रशासकीय अधिकृत–सदस्य

ग. संघ संस्थाको फोकल प्रसन वा संघ संस्थाका प्रतिनिधिहरु मध्ये बाट एक जना –सदस्य

घ.स्वास्थ्य शाखा हेर्ने अधिकृत स्तरको कर्मचारी –सदस्य

ङ.लेखा प्रमुख – सदस्य

च.महिला बालबालिका शाखा प्रमुख –सदस्य

छ.बालकल्याण अधिकारी – सदस्य सचिब

**(४) वडा स्तरीय बाल कोष संचालनका समितिको गठन देहाय बमोजिमको हुनेछ्**

क.वडा अध्यक्ष – संयोजक

ख.बाल क्वलब अध्यक्ष – सदस्य

ग. वडा सचिब– सदस्य सचिब

**९. सहयोग उपलब्ध गराउने :**

(१) जोखिममा रहेका बालिबलिकालाई जोखिमको अवस्था हेरि नगर बालकोषबाट संयोजक वा सदस्य सचिवको स्वीकृतिमा अधिकतम २०,००० अक्षरुपी बिस हजार सम्म सहयोग उपलब्ध गराउन सक्ने छ र यसरी सहयोग गरिएको रकम नगर बाल अधिकार समितिको बैठकमा अनुमोदन गराउनु पर्ने छ

२) वडा बाल कोषबाट जोखिमको अवस्था हेरि संयोजक र सदस्य सचिबको स्वीकृतिमा अधिकतम १०,००० (अक्षरुपी दश हजार रुपैया) सम्म सहयोग उपलब्ध गराउन सक्ने छ यसरी उपलब्ध गराएको रकम वडा बाल अधिकार संरक्षण समितिको बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

३) सहयोग प्राप्त गर्न बालबालिकाको जन्म दर्ता, मेडिकल डकुमेन्टहरु, अन्य आबस्यक डकुमेन्टहरु र वडा बाल अधिकार संरक्षण तथा समितिको सिफारिस आवश्यक पर्ने छ ।

**१०. कोषको लेखा र लेखापरिक्षण :** (१) कोषको आय व्ययको लेखापरिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

**११. रकम फ्रिज नहुने** : कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बांकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१२. प्रतिवेदन पेश गर्ने** : (१) समितिले आफूले गरेको कार्यक्रमको अर्ध वार्षिक र बार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

**१३. कोषको सचिवालय :** नगर बालकोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ भने वडा वाल कोषको सचिवालय वडा बाल अधिकार संरक्षण समितिको कार्यालयमा रहने छ ।

**१४. अभिलेख राख्ने :** समितिले आफूले गरेको काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१५. निर्देशन दिन सक्ने** :

(१) नगर पालिकाले नगर बाल अधिकार समितिको काम
कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१६. अधिकार प्रत्यायोजन :**

समितिले यस निर्देशिका बमोजिम आफुलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. कोष खारेज हुन सक्ने :**

(१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यकता नदेखिएको ठहर गरेमा नगर बाल अधिकार समितिको सिफारिसमा नगर **कार्यपालिकाले** खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकामा स्वतः स्थानान्तरण हुनेछ ।

**१८. बाधा अड्काउ फुकाउने :**

यस कोषको प्रयोग, कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउने छ ।

**१९.निर्देशिकाको संशोधन :**

यस निर्देशिकाको संशोधन गर्न आवश्यक देखिएको खण्डमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।